क्षेत्रीय अखबार

# पश्चिम नेपाल

-वर्षः २०, अङ्कः ७१, २०८२ भदौ ८ गते आइतबार (24 Aug., 2025) -मूल्यः रु. ५१-, -पृष्ठ ४

सुदूरपश्चिममा सर्वाधिक बिक्री हुने पत्रिका

दैनिक



रमाईलो® तपाईंको स्वास्थ्यको साथी

मैदा

बेकरी, म:म: र नुडल्स को लागी न.१

RP Agro Industries (P) Ltd
Godawari - 5, Dhangadhi, Kailali
9801700061/ 9801700011


## उत्तराखण्ड बाढी : नेपालीलाई ज्याला न राहत

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ७ भदौ**

कैलाली टीकापुरका प्रकाश बुढा भारत उत्तराखण्डको उत्तरकाशी जिल्लाको हर्षिल क्षेत्रमा पर्ने धरालीमा मजदुरी गरिरहेका थिए। धराली बजारमा होटेल निर्माणको काम भइरहेको थियो। त्यसैमा प्रकाश र उनका भाइ रमेशसहित ९ जना काम गर्थे। काम गरेको केही दिनको ज्याला लिन बाँकी नै थियो।

तीन साताअघि अचानकको आरिघोप्टे वर्षापछि खीरगंगा नदीमा आएको बाढीले धराली बजार तहसनहस भयो। प्रकाश सहित उनको परिवारले ज्यालादारी काम गरिरहेको होटेल पनि बगाएर लग्यो। होटेल मात्रै बगाएन उनीहरूको ज्याला पनि त्यसमै बग्यो।



'कोठामा राखेको पैसा पनि बाढीमै पुरियो, हिसाब गर्न बाँकी रकम पनि साहुले दिएन,' बुढाले भने, '३०/३५ हजार ज्याला लिन बाँकी थियो, होटेल बगेपछि साहुले दिन सक्दैन भन्यो।' घर आउने बेला ५ हजार भारु दिएको उनले बताए।

त्यही बाढीमा परेर प्रकाशका भाइ रमेश र बुहारी प्रिया बेपत्ता छन्। शुक्रबार हरिद्वार पुगेर कुशको पुतला बनाएर अन्तिम संस्कारसँगै किरिया गरिएको उनले बताए। किरियाको काम पनि दुई दिनमै टुंग्याएको उनले बताए। शनिबार हरिद्वार बाट घर आउन लागेको उनले जानकारी दिए। 'तीस/चालिस फिटसम्म ग्राभेल भरिएको छ, त्यसमा लास भेटिने सम्भावना छैन,' बुढाले भने, 'बेपत्ताका आफन्त कोही धरालीमै, कोही हरिद्वारमा र कोही घर फर्किएर किरिया गर्न थाले।' धरालीको बाढीमा परेर २१ जना नेपालीसहित ६८ जना बेपत्ता भएको उत्तराखण्डको राज्य आपतकालीन परिचालन केन्द्रले जनाएको छ। बाढीमा परेर बेपत्ता भएका भारतीय नागरिकलाई उत्तराखण्ड सरकारले राहत स्वरूप जनही ५ लाख भारु दिने घोषणा गरेको छ। तर नेपालीको हकमा भने नत मजदुरी गरेको ज्याला पाए न राहत नै। 'भारतीय नागरिकलाई त ५ लाख दिने भनेको छ, तर हामीले काम गरेको ज्याला समेत पाएनौँ,' बुढा भन्छन्, 'अहिले खर्च नभएर घर फर्किन निकै गाह्रो भएको छ।'

सोही बाढीमा बेपत्ता भएको जाजरकोटको कुशे गाउँपालिका-२ तालीगाउँका ५ जना बेपत्ता भएका छन्। तिनका आफन्त पनि घर पुगिसकेका छन्। 'घरमै किरिया गर्ने गरी आएका हौं,' बाढीमा बेपत्ता भएका कर्ण बहादुर सिंहका भाइ गणेशले भने, 'अरु पनि हामीसँगै फर्किएका छन्।' उनीहरू शुक्रबार रुपेडिया नाका हुदै नेपाल भित्रिएका हुन्। पछिल्लो समय धरालीमा खोजी कार्य पनि सुस्त भएको र बेपत्ताहरू भेटिने सम्भावना पनि कम रहेकाले आफन्तहरू फर्किएका हुन्। उनीहरू घरमै किरिया गर्ने गरी फर्किएका हुन्। बेपत्ता भएकाहरूको खोजीदेखि धराली क्षेत्रमा रहेका नेपालीको उद्धारमा दूतावासले पहल गर्न नसकेको पीडितको गुनासो छ।

'अहिले हामी खर्च नभएर अलपत्र परेका छौं, दूतावासले कसैसँग सम्पर्क समेत गरेको छैन,' बुढाले भने, 'यति मान्छे बेपत्ता छन्, तिनको खोजीबारे पनि चासो राखेको देखिएन।'

उक्त क्षेत्रमा नेपालीहरू स्याउबारीको गोडमेलदेखि तरकारी खेती र विकास निर्माणका काममा ज्याला मजदुरी गरिरहेका थिए। बाढीपछि काम गरेको ज्यालासमेत धेरैले नपाएको बुढा बताउँछन्। कतिपय मालिकहरू नै बेपत्ता भएकाले पनि समस्या भएको उनले बताए।

## महेन्द्रनगरमा गौरा महोत्सव मनाउँदै महाकाली साहित्य संगम

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ७ भदौ**

महाकाली साहित्य संगमले यस वर्ष पनि महेन्द्रनगरमा भव्यरूपमा गौरा महोत्सव मनाउने भएको छ। आगामी भाद्र १२ गतेदेखि महेन्द्रनगरको खुलामञ्चमा महोत्सव सुरु हुने आयोजकले जनाएको छ।



शनिबार पत्रकार सम्मेलनमार्फत जानकारी दिँदै संगमका अध्यक्ष हरिशप्रसाद जोशीले सम्पदा संरक्षण र सांस्कृतिक गौरवलाई उच्च राख्ने उद्देश्यसहित महोत्सव आयोजना गर्न लागिएको बताए। उनका अनुसार, २०४७ सालमा स्थापना भएको साहित्य संगमले २०५० सालदेखि निरन्तर रुपमा गौरा महोत्सव मनाउँदै आएको छ।

यस वर्षको महोत्सवमा परम्परागत डेउडा नृत्य, गितीकथा वाचन, लोकसंगीत र वाद्य प्रदर्शन लगायत विविध कार्यक्रम समावेश हुने छन्। कार्यक्रमका वरिष्ठ उपाध्यक्ष समेत रहेका सुदूरपश्चिम प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्र सिंह रावलले भने नेपाली मौलिक संस्कृति आक्रमणमा परेको दाबी गर्दै यसको संरक्षणमा जोड दिनुपर्ने आवश्यकता औंल्याए।

'हाम्रो संस्कृतिमाथि आक्रमण भइरहेको छ, मूल स्वरुप समाप्त हुनेतर्फ अग्रसर छ। त्यसैले सांस्कृतिक सम्पदा जोगाउँदै गौरव बढाउने हेतुले महोत्सव आयोजना गर्न लागिएको हो,' उनले भने। सुदूरपश्चिमको समृद्ध लोकसंस्कृति अझै घरभित्र मात्र सीमित रहेको उल्लेख गर्दै रावलले यसलाई समाजमा सकारात्मक रुपमा प्रस्तुत गर्नुपर्ने बताए। 'हामीलाई छाउपडी र देउकी प्रथा मात्र मान्ने ठाउँका मानिस भनेर चिन्छन्। तर, दिदीबहिनी भेट्ने र एकता मिलनलाई पर्वका रुपमा मनाउने परम्परा हाम्रो गौरव हो। यसलाई स्थापित गर्न सकेनौं भने हाम्रो मौलिकता हराउने खतरा छ,' रावलले थपे।

## शिक्षा ऐन पारित भएपछि निजी विद्यालयका संचालक सडकमा

**–पश्चिम नेपाल संवाददाता**
**महेन्द्रनगर, ७ भदौ**

सरकारले ल्याउन लागेको विद्यालय शिक्षा ऐन बिरुद्धमा निजी विद्यालयका संचालक मात्रै होईन शिक्षक, कर्मचारी पनि आन्दोलनमा उत्रिएका छन। संघीय संसदको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधी समितिबाट पारित गरिएका केही बुँदाहरुमा असहमती जनाएर निजी विद्यालयका संचालक मात्रै होईन शिक्षक, कर्मचारी पनि आन्दोलनमा उत्रिएका हुन।

बिहीबार शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधी समितिबाट विद्यालय शिक्षा ऐन पारित भएपछि कञ्चनपुर सहित देशभर निजी विद्यालयहरु साझा संगठन प्याब्सन र एन प्याब्सनले संयुक्त रुपमा आन्दोलन थालेको जनाएका छन। विधेयकमा निजी विद्यालय क्रसम गैर नाफामुलक बनाईनेछ। पूर्ण छात्रबृति राखेपछि प्याब्सन र एनप्याब्सनले उक्त बुद्दा खारेजीको माग अघि सारेर देशभर आन्दोलनमा उत्रिएको जनाएको छ।

प्याब्सन कञ्चनपुरका अध्यक्ष महादेव भट्टले केन्द्रीय कार्यक्रम अन्तरगत शुक्रबार जिल्लामा पनि स्कुले बस सहित संचालक, शिक्षक, कर्मचारीहरुको उपस्थितिमा बिरोध प्रर्दशन गरिएको बताए। एनप्याब्सन कञ्चनपुरका अध्यक्ष सत्येश बहादुर चन्दले निजी विद्यालयमाथि राज्यले अन्याय गरेपछि विगतका बर्षहरु जस्तै यस बर्षपनि आन्दोलनमा उत्रिएको बताए। शैक्षिक गुणस्तर प्रदान गर्दै आएका निजी विद्यालयमाथि सरकारबाट अन्याय भएको हुँदा बाध्य भएर आन्दोलनमा उत्रिनु परेको बताए।

प्याब्सन नेपालका केन्द्रीय सदस्य अम्मराज भट्टले विद्यालय बन्द गरेर आन्दोलनमा उत्रिनुपर्ने जोडदिनुपर्ने बताए। उक्त समय सीमाभित्र भद्र रूपमा गरिएको आन्दोलन, सचेतना, ज्ञापनपत्र बुझाउने, अन्तरक्रिया र छलफलबाट निकास ननिस्किए अब विद्यालय बन्दसम्म गरेर आन्दोलनमा उत्रिने चेतावनी दिएका छन।


साक्षर समाज-सक्षम राष्ट्र।

शिक्षाः

- आत्मनिर्भर जीवनको लागि,
- रोजगारी र अवसरको लागि,
- सामाजिक विकास र समृद्ध राष्ट्रको लागि,
- लैंगिक, जातीय र क्षेत्रीय समानताको लागि,
- अधिकार र कर्तव्य बोधका लागि,
- स्वास्थ्य सम्बन्धी सचेतनाको लागि,
- आर्थिक सशक्तिकरणका लागि।

त्यसैले शिक्षित बनौं, प्रगतिको पथमा लम्किऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## "फोर्टी अन्डर ४०" मा होर इ-स्पोर्ट्सका संस्थापक तथा ओनर सञ्जन गौतम सम्मानित




होर इ-स्पोर्ट्सका संस्थापक तथा ओनर सञ्जन गौतमलाई नेपालमा ई-स्पोर्ट्सको विकास र पहिचानमा पुर्याएको उल्लेखनीय योगदानका लागि अनलाइनखबरले आयोजना गरेको "फोर्टी अन्डर ४०" कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीले सम्मान गरेका छन्। यो सम्मान ४० वर्षमुनिका विभिन्न क्षेत्रमा प्रेरणादायी योगदान पुऱ्याउने ४० व्यक्तिलाई प्रदान गरिन्छ।

गौतमको नेतृत्वमा होर इ-स्पोर्ट्सले हालै सम्पन्न पब्जी मोबाइल वर्ल्ड च्याम्पियनसिप (PMWC २०२५) मा नेपालको प्रतिनिधित्व गर्दै नवौं स्थान हासिल गऱ्यो। यससँगै टिमले करिब १ करोड ७८ लाख रूपैयाँ नगद जित्यो, जुन नेपाली ई-स्पोर्ट्स इतिहासकै अहिलेसम्मको ठूलो उपलब्धि हो। यस सफलताले नेपाललाई अन्तर्राष्ट्रिय स्तरमा चिनाएको मात्र होइन, हजारौं युवा गेमरलाई पनि आफ्नो सपनालाई करियर बनाउन प्रेरणा दिएको छ।

सामान्य गेमरबाट सुरू भएको गौतमको अन्तर्राष्ट्रिय यात्रा आज दृष्टि, समर्पण र धैर्यताको प्रतीक बनेको छ। उनले ई-स्पोर्ट्सलाई युवाका लागि वैध र दिगो करियर बनाउन लामो समयदेखि प्रयास गर्दै आएका छन्। यो सम्मानले नेपालमा ई-स्पोर्ट्सप्रति समाज र सरकारले बढ्दो मान्यता दिएको सन्देश दिएको छ, साथै आगामी दिनमा थप अवसर र लगानीको ढोका खोल्ने अपेक्षा गरिएको छ।

# निर्माण व्यवसायी संघ अधिवेशनका लागि निरन्जन भट्टको प्यानल घोषणा



**–आस्था जोशी**
**महेन्द्रनगर, ७ भदौ**

निर्माण व्यवसायी संघ कञ्चनपुरका अध्यक्ष निरञ्जन प्रसाद भट्टले भदौ तेस्रो साता हुने १५ औं अधिवेशनका लागि अध्यक्षमा उम्मेदवारी घोषणा गरेका छन् ।


अध्यक्षका उम्मेदवार भट्टले शनिबार होटेल ओपेरामा पत्रकार सम्मेलन गरी प्यानल सहित उम्मेदवारी घोषणा गरेका हुन् । भट्ट १४ औं अधिवेशनमा चुनाव लडेर निर्वाचित भएका हुन् । संघका पूर्व अध्यक्षहरु सहभागी पत्रकार सम्मेलनमा संघका पूर्व अध्यक्ष प्रेम सिह भण्डारीले भट्ट नेतृत्वको प्यानल घोषणा गरे । नेपाल निर्माण व्यवसायी महासंघका आमन्त्रित केन्द्रीय सदस्य एबम् संघका पूर्व अध्यक्ष प्रेम प्रकाश भट्टको प्रमुख आतिथ्यमा पत्रकार सम्मेलन गरिएको छ ।

१५ औं अधिवेशनमा भट्टका प्यानलका अधिकाँश उम्मेदवार १४ औं निर्वाचनका निर्वाचित दोहोरिएको छ । भट्ट प्यानलबाट वरिष्ठ उपाध्यक्षमा देब बहदुर चन्द उम्मेदवार भएका छन् । उनी वर्तमान समितिमा संघको उपाध्यक्ष छन् । संघको उपाध्यक्षका लागि वर्तमान समितिका कोषाध्यक्ष दिपक भट्ट चुनावी मैदानमा आएका छन् ।

संघको महासचिवमा योगेन्द्र ठकुराठी दोहोरिएका छन् । उनी १४ औं निर्वाचनमा भट्ट प्यानलबाट महासचिव निर्वाचित भएका हुन् । युवा निर्माण व्यवसायी बृज बहादुर चन्द भट्ट प्यानलबाट सचिवका उम्मेदवार भएका छन् । संघको कोषाध्यक्षमा तेज बहादुर चन्द र हेम महरा सह कोषाध्यक्षमा उम्मेदवार घोषणा गरिएका छन् । उम्मेदवारी घोषणा गर्दै संघका पूर्व अध्यक्ष भण्डारीले पछिल्लो समय निर्माण व्यवसायी धरायाशी हुने अवस्थामा पुगेकोले बलियो र अनुभवी टीम संघलाई आवश्यक भएको बताए । पूर्व अध्यक्ष भण्डारीको अध्यक्षतामा कार्यक्रम गरिएको छ । कार्यक्रमका प्रमुख अतिथि महासंघका आमन्त्रित केन्द्रीय सदस्य भट्टले वर्तमान समितिका अध्यक्ष भट्टले व्यवसायिक हकहित र संस्थागत विकासका लागि सक्रियता देखाएकाले १४ औं अधिवेशनबाट फेरि एक पटक नेतृत्वको मौका दिन लागिएको बताए । 'यो कार्य समितिले गरेको कामकाज हेर्न पर्छ, निर्माण व्यवसायीको भुक्तानी नदिएकोमा कार्यालयमा तालाबन्दी गरियो, जिल्ला दररेटमा अथक प्रयास गरी जिल्ला दररेट बढाएको सबैलाई जानकारी नै छ, बोलपत्र सूचनाको हकमा समेत सबैलाई व्यवसायीले भर्न पाउने गरी संशोधन गर्ने व्यवस्था गरिएको छ' उनले भने, 'यी यावत कुरा गरेकाले निर्माण व्यवसायीहरुलाई निरञ्जन भट्ट नेतृत्वको प्यानललाई सहयोग गरी जिताई दिन अनुरोध गर्छु ।'

कार्यक्रममा संघका सल्लाहकार गजेन्द्र बिक्रम थापा, पूर्व सल्लाहकार दामोदर महरा, सुदूरपश्चिम निर्माण व्यवसायी संघका पूर्व अध्यक्ष लोग बहादुर ठकुराठी, कञ्चनपुर उद्योग बाणिज्य संघका पूर्व अध्यक्ष गणेशदत्त जोशी, निर्माण व्यवसायी संघका पूर्व अध्यक्ष भुवनराज भट्ट, संघका पूर्व अध्यक्ष गजेन्द्र बहादुर चन्द, ज्ञानेन्द्र फुँयाल, लगायतले शुभकामना मन्तव्य राखे । उम्मेदवारी घोषणापछि अध्यक्ष उम्मेदवार भट्टले आफ्नो उम्मेदवारीबारे प्रष्ट पारे । संघको पूर्व अध्यक्ष, सल्लाहकार सबैको सुझाव अनुसार आफूले संघमा दोहोरिने चाहना राखेको भट्टले उल्लेख गरे । उनले आफ्नो कार्यकालमा गरिएको कामका जानकारी गराए । अध्यक्ष भट्टले लालझाडी गाउँपालिकाको ठेकेदार इन्जिनियर विवाद समाधान सहित व्यवसायीको भुक्तानी र जिल्ला दररेट सुधार लगायतका कार्यहरु गरिएको उल्लेख गरे । अध्यक्ष भट्टले संघले व्यवसायी हकहित बाहेक सामाजिक उत्तरदायित्व र शैक्षिक क्षेत्रमा समेत कार्य गरिएको बताए ।

भट्ट विरुद्ध संघको १४ औं कार्य समितिका प्रतिद्वन्द्वी संघका पूर्व वरिष्ठ उपाध्यक्ष पुष्पराज अवस्थी चुनावी मैदानमा आएका छन् । अवस्थीले प्यानल सहित प्रचारप्रसार अघि बढाएका छन् ।




## सुदूरपश्चिम विश्वविद्यालय
**केन्द्रीय क्याम्पस**
# शिक्षाशास्त्र केन्द्रीय विभाग
**महेन्द्रनगर, कञ्चनपुर**

## स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धमा

*मिति २०८२/०४/२०*

सुदूरपश्चिम विश्वविद्यालय, केन्द्रीय क्याम्पस, शिक्षाशास्त्र केन्द्रीय विभाग, महेन्द्रनगर, कंचनपुरमा संचालित स्नातक तह वि.एड. कार्यक्रममा सेमेस्टर प्रणाली अन्तर्गत शैक्षिक सत्र २०८२/०८३ का लागि नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा, गणित शिक्षा र वि.एड. CSIT विषयमा नयाँ विद्यार्थी भर्ना कार्यक्रम तपसिल अनुसार रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकासित गरिएको छ ।

**तपसिल:**

| क्र.सं | विवरण | मिति |
|---|---|---|
| १. | प्रवेश परीक्षा आवेदन फाराम वितरण | २०८२ श्रावण २० गतेदेखि २०८२ भाद्र २६ गते सम्म |
| २ | प्रवेश परीक्षा संचालन | २०८२ भाद्र २८ गते दिउसो १:०० बजेदेखि |
| ३ | प्रवेश परीक्षाको नतिजा प्रकासन | २०८२ भाद्र ३१ गते |
| ४ | विद्यार्थी भर्ना कार्यक्रम | २०८२ साल असोज १ गते देखि कार्तिक १३ गतेसम्म |
| ५ | कक्षा संचालन | २०८२ कार्तिक १६ गतेदेखि |

**नोट:**
- B.Ed. CSIT कार्यक्रममा सिट संख्या ५० जना मात्र ।
- फारम शुल्क: रु १०००/- (नेपाली शिक्षा, अङ्ग्रेजी शिक्षा, स्वास्थ्य तथा शारीरिक शिक्षा र गणित शिक्षा)
- फारम शुल्क: रु १५००/- (वि.एड. CSIT)
- नेपाल बैक लिमिटेडको खाता नं. 15600106675982000001 मा जम्मा गर्नु पर्नेछ ।

**आवश्यक प्रमाणपत्रहरु:**
- SLC.SEE / HSEB/NEB उत्तिर्ण गरेका शैक्षिक प्रमाणपत्रहरुको (Marksheet (१० र ११) Transcript, Transfer, Character र Provisional Certificate) को प्रमाणित प्रतिलीपिहरुको १ सेट ।
- हालसालै खिचेको फोटो २ प्रति
- स्नातक तहको प्रवेश परीक्षामा सामेल हुनका लागि Transcript मा B.Ed. CSIT अध्ययनको लागि CGPA १.८ वा ४५ प्रतिसत भन्दा माथि र अन्य विषयको लागि CGPA १.६ वा ४० प्रतिसत भन्दा माथि भएको हुनु पर्नेछ ।

**विभागीय प्रमुख**

# दोधारा चादनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
दोधारा-चाँदनी,कंचनपुर, सूदूरपश्चिमप्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/०५/०८ गते**

यस कार्यालयको आ.ब.०८२/०८३ को स्वीकृत वार्षिक कायक्रम अनुसार सडक कालोपत्रे निर्माणकार्यको लागि नेपाल सरकारबाट ईजाजत प्राप्त सप्लायर्स व्यवसायीले निम्न शर्तहरुको अधिनमा रही रितपुर्वको दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनसम्म कार्यालयको समय भित्र रु १०००।-(फिर्तानहुने गरी) नवीकरण भएको आयकर/मू.अ.क. प्रमाण पत्र, संस्थादर्ता प्रमाणपत्र र इजाजतपत्रको प्रमाणित प्रतिलिपि, आर्थिक बर्ष ०८१/०८२ सम्म कर चुक्ता गरेको प्रमाण पत्रका साथ निवेदन दिएमा यस कार्यालयबाट दरभाउपत्र खरिद गर्न सकिने । साथै उक्त दरभाउपत्र सार्वजनिक खरिद अनुगमन कार्यालय को वेवसाईट www.bolpatra.gov.np वाट समेत दरभाउपत्र दर्ता गर्न सकिने छ ।

२. खरिद भएका दरभाउपत्रहरु सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म उल्लेख भएको धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टा छुटै यस कार्यालयको दोधारा चादनी स्थित कृषि विकास.बैंक हि.न. ०८२३५०१५६३७६७१०८ मा जम्मा गरको सक्कलै बैंक भौचर वा उल्लेख भएको धरौटी रकम कम्तिमा७५ दिन सम्म म्यादभएको क श्रेणीको बाणिज्य बैंकको जमानीपत्र (बिड बन्ड) संलग्न राखी पेश गर्नुपर्नेछ । सिलबन्दी दरभाउपत्रको मान्यअवधि ४५ दिनको हुनेछ । साथै दरभाउपत्र खरिद गर्नका लागि यस कार्यालयको दोधारा चादनी स्थित कृषि विकास.बैंक हि.न. ०८२३५०१५६३७६७०१९ मा जम्मा गरेको सक्कलै बैंक भौचर पेश गर्नुपर्ने छ ।

३. रितपूर्वक पर्न आएका दरभाउपत्रहरु १६ औं दिनको २ बजे नियमानुसार कार्यालय र दरभाउ पत्रदाता वा प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्रदाता वा प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४. दरभाउपत्र खरीद गर्नं र पेश गर्ने तोकिएको अन्तिम दिनहरुमा सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन उक्त कार्य गरिनेछ ।

५. दरभाउपत्रमा दरभाउपत्रदाताले कवोल गरेको दर अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ ।

६. दरभाउपत्र शिलबन्दी गरेको खामबाहिर दोधारा चादनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दोधारा चाँदनी कञ्चनपुरलाई संबोधन गरी ठेक्का नं., योजना र कामको बिवरण उल्लेख गरी दरभाउपत्र पेश गर्ने फर्मको नाम र ठेगाना स्पष्ट रुपमा उल्लेख गरिएको हुनुपर्नेछ ।

७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा निहित हुनेछ ।

८. भएको कामको भुक्तानी कार्यालयको बजेट निकासा भए पछि गरिनेछ ।

९. दरभाउपत्र सम्बन्धी थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

१०. यसमा उल्लेख भएबाहेक अन्य कुरा हरु को हकमा प्रचलित ऐन नियमानुसार अनुसार हुनेछ ।

११. कामको बिवरण निम्नानुसार छ ।

### तपशिल :

| सि.न | ठे.नं. | योजना र कामको बिवरण | ल.ई. रकम (कन्टेन्जेन्सी र भ्याट बाहेक) | जमानत रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०५।२०८२।०८३ | मन वहादुर बुढाको पसल देखि नेत्र बुढाको घर सम्म सडक कालोपत्रे निर्माण, वडा नं ०६ | १६,१९,०४७३४ | ५०,०००।०० | |

**नि.प्रमुख प्रसाशकिय अधिकृत**

# बेलडाँडीमा खुला फुटबल प्रतियोगिता शुरु

**–पश्चिम नेपाल संवाददाता**
**बेलडाँडी, ७ भदौ**

कञ्चनपुरको दक्षिणी क्षेत्र बेलडाँडीमा खुला नकआउट फुटवल प्रतियोगिता शुरु भएको छ । सुदूरपश्चिमेलीहरुको महान पर्व गौरा पर्वको अवसरमा बेलडाँडीमा रहेको अल स्टार युवा क्लबको आयोजनामा आठौं संस्करण बेलडाँडी खुल्ला नकाउट फुटवल प्रतियोगिता ०८२ शुरु भएको हो ।

शनिबार बेलडाँडी गाँउपालिका प्रमुख हरिचन्द्र रानाले प्रतियोगिताको उद्घाटन गर्दै खेलकुद प्रतियोगिताले ग्रामिण भेगको खेलकुद बृद्धि विकासका लागि टेवा पुग्ने बताए । अलस्टार युवा क्लबका उपाध्यक्ष एवम् प्रतियोगिता संयोजक मनोज खडायतले आयोजकका ३ सहित १६ टिमविच प्रतिस्पर्धा बताए । आठौं संस्करण बेलडाँडी खुला फुटवल प्रतियोगिता क्लबकै सबै भन्दा ठुलो धनराशिको प्रतियोगिता आयोजना हुन लागेको जनाएको छ । खेलकुद विकासका र समाज रुपान्तरणका लागि स्थापन भएको क्लबले नयाँ ढंगले अगाडी अग्रसर रहनका लागी युवाहरुको एकरुपता संगै युवा जमाता तातेपछि आजसम्मकै क्लबले आयोजना गर्ने प्रतियोगिता भन्दा ठुलो धनराशि ८२ हजार नगद ट्रफी, प्रमाण पत्र, मेडल सहितको व्यवस्था गर्ने बताए ।

अलस्टार क्लबका अध्यक्ष लोक बहादुर बलायरले बेलडाँडी गाँउपालिका प्रमुख हरिचन्द्र रानाको प्रमुख आथित्यमा उद्घाटन गरेर खेलहरु निरन्तर खेलाईनेछन । क्लबलाई जिल्लामै नयाँ ढंगले प्रस्तुत गर्न लागिएको बताउँदै प्रतियोगिता वडा नं १ को गौरा महेश्वरी र कालिका मन्दिरको छेउमै रहेको फुटवल मैदानमा आयोजना हुने छ।अलस्टार क्लबका सचिव धन बहादुर महताले प्रतियोगितामा प्रथम हुने टिमलाई नगद ८२ हजार नगद रुपैयाँ, टूफी, प्रमाणपत्र, र द्वितिय हुनेलाई ४५ हजार रुपैया पुरस्कार प्रदान गरिने बताए ।

सचिव महताले अन्य विधाका उत्कृष्ट खेलाडीहरुलाई समेत पुरस्कारको व्यवस्था गरिएको छ। प्रतियोगिताको टिम दर्ता शुल्क ६ हजार १ सय राखिएको थियो ।

खुला फुटवल प्रतियोगितामा सहभागी हुन सबै खेलप्रेमिलाई क्लवले अनुरोध समेत गरेको छ। हरेक बर्ष सुदुरपश्चिमेलीहरुको महानपर्व गौराको अवसरमा हुने खेलकुद प्रतियोगिताले संस्कृतिसंगै खेलकुद बृद्धि विकासमा टेवा पुऱ्याएको छ ।

# बैतडीमा पहिरोले एक घर पुरियो

**–पश्चिम नेपाल संवाददाता**
**बैतडी, ७ भदौ**

जिल्लाको पुर्चौंडी नगरपालिका-४ चनकिल्लीका हिमालय बोहराको घर पहिरोले पुरिएको छ ।

अविरल वर्षासँगै घरमाथिबाट खसेको पहिरोले बोहराको तीन तले घर पूर्ण रूपमा क्षति भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी निरीक्षक बल्देव बडुले बताए। उनका अनुसार पहिरो खस्न लागेको थाहा भएपछि परिवारका सबै सदस्य घर बाहिर निस्केकाले मानवीय क्षति भएको छैन । पहिरोका कारण बोहराको गोठमा बाँधिएको एउटा भैंसी, एउटा पाडो र एउटा बाखो पुरिएका प्रहरी निरीक्षक बडुले बताए। उनका अनुसार घरभित्रका अन्नपात, लत्ताकपडा लगायत सबै सामग्री नष्ट भएका छन् ।

अहिले घटनास्थलमा खटिएको प्रहरीको टोली र स्थानीयले पहिरो पन्छ्याउने कार्य गरिरहेका छन्। पहिरोले घर पुरिँदा भएको क्षतिको विस्तृत विवरण भने आउन बाँकी रहेको प्रहरी निरीक्षक बडुले जानकारी दिए । घर पहिरोले पुरेपछि बोहराको ११ जनाको परिवार अहिले छिमेकी मोतीराम बोहराको घरमा बसिरहेका छन् ।


जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर, कञ्चनपुर

नयाँ विद्यार्थी
भर्ना सम्बन्धि सूचना



त्रि.वि.बाट सम्बन्धन प्राप्त सुदूरपश्चिमको अग्रणी शैक्षिक संस्था
यस **जनज्योति बहुमुखी क्याम्पस महेन्द्रनगर कञ्चनपुरमा स्नातक तह प्रथम वर्ष /सेमेष्टर र कक्षा ११ मा शैक्षिक** सत्र २०८२/०८३ का लागि तपशिलका विषयमा अंग्रेजी र नेपाली दुबै माध्यममा भर्ना खुलेको व्यहोरा सहर्ष जानकारी गराइन्छ ।

**तपशिल**

Management 4 years
-Finance
-Accountancy
-Management

Humanities (B.A)
-English
-Rural Devlopment
-Sociology and Anthropology
-Nepali
-Economics
-Social work
-BCA It related subject

Education (B.Ed) 4 years
-English Education
-Nepali Education
- Health Education
- Education (Nepali, Math, English)
-Arts (Law)
-Management (Business and Computer)

**हाम्रा विशेषताहरु**
-अंग्रेजी र नेपाली दुबै माध्यममा पठनपाठन
-विद्यालय तहदेखि स्नातकोत्तर तहसम्म पढाई हुने सुदूरपश्चिमको विशाल शैक्षिक संस्था
-त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त कोर्षहरु पढाइने
-न्यूनतम शुल्कमा गुणस्तरीय अध्ययन
-जेहेन्दार विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था
-विद्यार्थी केन्द्रित सिकाई प्रणाली

**भर्ना कार्यक्रम**

BBS & B.Edm
**फाराम वितरण र भर्ना** : साउन २३ देखि भदौ १५ गतेसम्म
**कक्षा सञ्चालन** : भदौ १८ गतेदेखि
**कक्षा समय** : बिहान ६ बजेदेखि १०:४५ बजेसम्म
**भर्ना कार्यक्रम** BCA
फाराम वितरण तथा Online Entry भदौ १५ गतेसम्म
**प्रवेश परीक्षा** : भदौ २८ गते
**कक्षा सञ्चालन** : असोज २ गते बिहान ६:१५ बजेदेखि १०:४५ बजेसम्म



*विस्तृत जानकारीका लागि सम्पर्क*
जनज्योति बहुमुखी क्याम्पस
भाँसी कञ्चनपुर, फोन नं. ०९९-४१८१३१,९८५८७७५०८५, ९८५८७७५०९६, ९८५८७७५०८३



## सुदूरपश्चिम विश्वविद्यालय
### केन्द्रीय कार्यालय
### महेन्द्रनगर, कञ्चनपुर

### स्नातक तह प्रथम सेमेस्टरमा विद्यार्थी भर्ना सम्बन्धी सूचना ।

**(दोस्रो पटक सूचना प्रकाशित मिति: २०८२/०४/१५)**

सुदूरपश्चिम विश्वविद्यालयका विभिन्न सङ्कायतर्फ सेमेस्टर प्रणालीमा आधारित स्नातक तहका निम्न अनुसारका शैक्षिक कार्यक्रमहरूमा शैक्षिक सत्र २०८२/८३ का लागि विद्यार्थी भर्नाको कार्यक्रम निम्नानुसार रहेको बेहोरा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सङ्कायहरू | शैक्षिक कार्यक्रमहरू | प्रवेश परीक्षा तथा भर्ना कार्यक्रम |
|---|---|---|
| मानविकी तथा सामाजिक शास्त्र | B.A., BCA | १. प्रवेश परीक्षा आवेदन फारम वितरण: २०८२ साउन तेस्रो हप्तादेखि |
| व्यवस्थापन | BBA, BBS / BHM | २. प्रवेश परीक्षा सञ्चालन: २०८२ भदौ तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| शिक्षाशास्त्र | B.Ed./B.Ed. CSIT | |
| विज्ञान तथा प्रविधि | B.Sc./B.Sc. CSIT, BIT | ३. विद्यार्थी भर्ना कार्यक्रम: २०८२ भाद्र तेस्रो हप्तादेखि (सम्बन्धित डीन कार्यालयद्वारा तोकिएको मिति अनुसार) । |
| इन्जिनियरिङ | B.E. Civil, B.E. Computer/B.Arch. | |
| कानून | B.A. LL.B | ४. पठनपाठन प्रारम्भ: २०८२ कात्तिक तेस्रो हप्तादेखि । |
| कृषि विज्ञान | B.Sc. Ag. | ५. सत्रान्त परीक्षा: २०८२ चैत दोस्रो हप्ता |
| प्राकृतिक स्रोत व्यवस्थापन | B.Sc. Forestry | ६. नतिजा प्रकाशन क्रमश: २०८३ जेठ महिनाभित्र |

स्वास्थ्य विज्ञान सङ्काय तर्फको भर्ना कार्यक्रम चिकित्सा शिक्षा आयोगको सूचना अनुसार हुनेछ । अन्य विस्तृत जानकारीका लागि सम्बन्धित डीन कार्यालय/केन्द्रीय विभाग/क्याम्पसहरूमा सम्पर्क गर्न सकिनेछ ।

रजिस्ट्रार

